# मुख्य न्यायाधिवक्ताको कार्यालय

**मधेश प्रदेश, जनकपुरधाम, धनुषा**

## घर भाडामा लिने सम्बन्धी शिलबन्दी प्रस्ताव आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/१०/२१)**

यस मुख्य न्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेशको सम्पर्क कार्यालय काठमाडौंमा स्थानान्तरण गर्नका लागि देहायको क्षेत्रभित्र र तोकिएको मापदण्ड पुगेको घर भाडामा लिनुपर्ने भएकाले इच्छुक घरधनीहरूबाट यो सूचना प्रकाशित भएको मितिले **२५ (पच्चिस) दिनभित्र** (कार्यालय समयभित्र) देहायका सर्तहरूको अधीनमा रही रितपूर्वकको शिलबन्दी प्रस्ताव पेश गर्नुहुन आह्वान गरिन्छ ।

**१. घर हुनुपर्ने तोकिएको क्षेत्र**

काठमाडौं जिल्ला स्थित **पूर्वमा धोबिखोला (बिजुली बजार), पश्चिममा माइतीघर, उत्तरमा मदन भण्डारी मेमोरियल कलेज र दक्षिणमा बागमती करिडोर तर्फ रोटरी भवन थापाथली** आसपासको क्षेत्र (सर्वोच्च अदालत, प्रशासकीय अदालत र पाटन उच्च अदालतलाई पायक पर्ने स्थान)।

**२. घरको न्यूनतम भौतिक पूर्वाधार र सर्तहरू**

- **प्रकार र क्षेत्रफलः** ढलान गरिएको (RCC) पक्की घर हुनुपर्ने र उपलब्ध गराउने ठाउँ कम्तिमा ७०० वर्ग फिट हुनुपर्ने।
- **कोठाहरूः** बढिमा दोश्रो तल्लासम्म भान्सा कोठा सहित कम्तिमा ३ वटा कोठाको व्यवस्था भएको हुनुपर्ने ।
- **शौचालयः** कम्तिमा १ वटा शौचालय सहितको बाथरूमको सुविधा भएको हुनुपर्ने ।
- **पहुँचः** कार्यालयको सवारी साधन सजिलै आवतजावत गर्न सक्ने चौडा पक्की सडकसँग जोडिएको हुनुपर्ने ।
- **पार्किङ्गः** कम्तिमा १ वटा चार पाङ्ग्रे सवारी साधन र २ थानसम्म दुई पाङ्ग्रे सवारी साधन पार्किङ्ग गर्न मिल्ने पर्याप्त ठाउँ भएको हुनुपर्ने ।
- **सुविधाहरूः** चौबिसै घण्टा पानीको आपूर्ति, विद्युत (ब्याकअप सुविधा भए प्राथमिकता दिइने) र फोहोरमैला व्यवस्थापनको उचित प्रबन्ध भएको हुनुपर्ने ।

**३. प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरू**

- घरधनीको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- जग्गाधनी प्रमाण पुर्जा (लालपूर्जा) को प्रमाणित प्रतिलिपि ।
- घर निर्माण सम्पन्न प्रमाणपत्र (नक्सा पास भए सो समेत) ।
- चालु आर्थिक वर्ष सम्मको सम्पत्ति कर/घरजग्गा कर तिरेको रसिदको प्रतिलिपि ।
- प्रस्तावित मासिक भाडा दर (बहाल कर सहित) अंक र अक्षरमा प्रस्ट खुलाइएको कागजात ।
- संस्थाको हकमाः संस्था दर्ता, प्यान/भ्याट दर्ता, कर चुक्ता प्रमाणपत्र र घर भाडामा दिने सम्बन्धी आधिकारिक निर्णयको प्रतिलिपि ।

**४. अन्य जानकारीहरू**

- प्रस्ताव पेश गर्दा खामको बाहिर "सम्पर्क कार्यालयका लागि घर भाडाको प्रस्ताव" भनी स्पष्ट लेखिएको हुनुपर्नेछ ।
- प्राप्त प्रस्तावहरू स्वीकृत गर्ने वा नगर्ने तथा आंशिक रूपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- भाडा सम्झौता भएपछि नियमानुसार लाग्ने घर बहाल कर घरधनीले नै व्यहोर्नु पर्नेछ ।
- अन्य सर्तहरू प्रचलित नेपाल कानून तथा सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम हुनेछन्।

**थप जानकारीका लागि सम्पर्कः मुख्य न्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेश जनकपुरधाम, धनुषा ।**

**फोन नंः ९८५४०२०४३३ वेबसाइटः https://oca.madhesh.gov.np/**